बूढानीलकण्ठ नगरपालिका

बूढानीलकण्ठ नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः संख्याः मितिः २०७५/०१/१६

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गर्न बूढानीलकण्ठ नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बूढानीलकण्ठ नगरपालिका काठमाडौंको स्थानिय बजार ब्यवस्थापन तथा उपभोक्ता हित संरक्षण सम्वन्धी ऐन, २०७५

**प्रस्तावनाः**

नेपालको संविधान, २०७२ को अनुसूची-८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले उपभोक्ता हित संरक्षणार्थ बजार व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई तोकिएको हुँदा सो संबैधानिक तथा कानूनी दायित्व कार्यान्वयनको लागि प्रभावकारी बजार व्यवस्थापनको माध्यमद्धारा स्थानीय बजारलाई ब्यवस्थित, सफा र स्वच्छ प्रतिष्पर्धी बनाउन, वस्तु वा सेवाको दर्ता, आपुर्ति, मूल्य, गुणस्तर, नापतौल र विज्ञापन र करको नियमन गर्न, सेवाको विक्री वितरण, झुक्याई उपभोक्ता ठगी जस्ता एकाधिकारपूर्ण, अनुचित तथा निषेधित व्यापारिक क्रियाकलापहरुलाई नियन्त्रण गरी गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने हक अधिकारको संरक्षण गर्न, आपुर्ति व्यवस्थालाई पारदशी एवंम

प्रभावकारी बनाउन, उपभोक्ताको गुनासो व्यवस्थापन गरी मर्कामा परेकालाई क्षतिपूर्ति प्रदान गर्नका लागि उपयुक्त संयन्त्रको निर्माण गर्न, उपभोक्तालाई सचेतना प्रदान गर्नुका साथै बिक्रेतालाई उपभोक्ता प्रति जिम्मेवार बनाउन, नियमित रुपमा प्रभावकारी बजार अनुगमन गरि स्वच्छ बजार र उपभोक्ता हित संरक्षण गर्न आवश्यक भएकोले स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा १०२ ले प्रदान गरेको अधिकार प्रयोग गरि बुढानिलकण्ठ नगरपालिकाले नगरसभाको मिति २०७५।०३।२५को बैठकबाट पारित गरि स्थानीय बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण सम्वन्धी ऐन,२०७५ बनाई लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनको नाम "बूढानीलकण्ठ नगरपालिकाको स्थानीय बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण ऐन, २०७५" रहेको छ ।

(ख) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुचित व्यापारिक क्रियाकलाप" भन्नाले दफा १६ बमोजिमको कुनै कृयाकलाप सम्झनु पर्छ ।

(ख) "उत्पादन" भन्नाले उपभोग्य वस्तु बनाउने, तयार गर्ने, प्रसोधन गर्ने, परिणत गर्ने, सम्मिश्रण गर्ने, प्याकिङ्ग वा पुनः प्याकिङ्ग गर्ने, एसेम्बलिङ्ग गर्ने वा लेबल लगाउने प्रक्रिया वा त्यस सम्बन्धमा अपनाईने कुनै वा सबै प्रक्रिया सम्झनुपर्छ ।

(ग) "उपभोक्ता" भन्नाले कुनै उपभोग्य वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(घ) "उपभोक्ता संस्था" भन्नाले उपभोक्ताको हक हित संरक्षण र सम्बर्द्धनको उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भएको संस्था सम्झनु पर्छ ।

(ङ) "उपभोक्ता हित संरक्षण समिति" भन्नाले दफा २३ वमोजिम गठित समिति सम्झनुपर्छ ।

(च) "गुणस्तरहीन वस्तु" भन्नाले देहायको कुनै अवस्था भएको वा रहेको उपभोग्य वस्तु सम्झनु पर्छ :-

(१) दफा २ को उपदफा (च)६ मा उल्लेख गरिएको भन्दा कम गुणस्तर भएको वा त्यस्तो वस्तुमा हुनु पर्ने आवश्यक तत्व वा पदार्थको परिमाण घटाइएको वा अर्को कुनै पदार्थको मिसावट गरिएको,

(२) मानव स्वास्थ्यलाई हानिहुने गरी सडेको, गलेको वा फोहोरमैला वा विषादी मिश्रण गरी तयार गरिएको वा स्वास्थ्यलाई हानि हुने कुनै रसायन, रङ वासुगन्ध प्रयोग गरिएको,

(३) त्यस्तो वस्तुको केही वा सबै भाग कुनै रोगी वा रोगकारक पशु, पंक्षी वा हानिकारक वनस्पतिबाट बनाइएको,

(४) तोकिएको मापदण्ड पूरा नगरी उत्पादन, ढुवानी, संचय, भण्डारण वा बिक्री गरिएको,

(५) उपभोग्य वस्तुको गुणस्तर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा उत्पादकले उल्लेख गरे बमोजिमको गुणस्तर नभएको,

(६) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम जारी गरिएको आदेशमा तोकिएको न्यूनतम भन्दा कम गुणस्तर वा अधिकतम गुणस्तर तोकिएकोमा त्यस्तो गुणस्तरभन्दा बढी भएको ।

(छ) "प्रदेश" भन्नाले ३ नं. प्रदेशलाई सम्झनुपर्छ

(ज) "नगरपालिका" भन्नाले बूढानीलकण्ठ नगरपालिकालाई सम्झनुपर्छ ।

(झ) "बजार व्यवस्थापन तथा उपभोक्ता संरक्षण समिति" भन्नाले परिच्छेद ६ दफा ३५ बमोजिम गठन हुने उपभोक्ता बजार व्यवस्थापन तथा उपभोक्ता संरक्षण समितिलाई सम्झनुपर्छ ।

(ञ) "नगर बजार अनुगमन टोली" भन्नाले परिच्छेद ७ दफा ३८ बमोजिम गठन हुने नगर बजार अनुगमन टोली सम्झनु पर्छ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, वा जारी गरिएको आदेश वा सुचनामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ठ) "निरीक्षण अधिकृत" भन्नाले दफा ४१ बमोजिम नियुक्त वा तोकिएको निरीक्षण अधिकृत सम्झनु पर्छ ।

(ड) "प्रयोगशाला" भन्नाले उपभोग्य वस्तुको शुद्धता, पूर्णता वा गुणस्तर परीक्षण

गर्ने उद्देश्यले स्थापना भएको नेपाल सरकारबाट मान्यता प्राप्त निकाय सम्झनु पर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकार,उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ ।

(ण) "लेबल" भन्नाले उपभोग्य वस्तु वा उपभोग्य वस्तु राखिएको भाँडो वा त्यस्तो उपभोग्य वस्तु वा उपभोग्य वस्तुमा लेखिएको, छापिएको, लिथो गरिएको, चिन्ह लगाइएको, इम्बोर्स गरिएको, समावेश गरिएको वा अन्य कुनै किसिमले देखाइएको ट्याग, चिन्ह, तस्वीर वा अन्य विवरणात्मक वस्तु सम्झनु पर्छ ।

(त) "वस्तु" भन्नाले उपभोग वा प्रयोग गर्ने वस्तु वा वस्तुहरूको सम्मिश्रणबाट बनेको स्वास्थ्यलाई हानि नोक्सानी वा कुनै किसिमको साइड इफेक्ट नगर्ने पदार्थ सम्झनु पर्छ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चापदार्थ, रङ, सुगन्ध वा रसायनलाई समेत जनाउँछ । सो शब्दले मूल्य लिई वा नलिई विक्री वितरण गरिने सम्पूर्ण वस्तुलाई सम्झनु पर्नेछ ।

(थ) "विक्रेता" भन्नाले मूल्य लिइ वा नलिई थोक वा खुद्रा रूपमा उपभोग्य वस्तु वा सेवाको बिक्री वितरण गर्ने व्यक्ति, फर्म, कम्पनी, संस्था समेतका सेवा प्रदायक वा विक्रेतालाई जनाउँछ । सो शब्दले उत्पादक, आयात, ढुवानीकर्ता समेतलाई सम्झनुपर्छ ।

(द) "विभाग" भन्नाले आपूर्ति व्यवस्थापन तथा उपभोक्ता संरक्षण विभाग सम्झनु पर्छ ।

(ध) "सेवा" भन्नाले उपभोक्ताले आवश्यक पर्ने विद्युत, खानेपानी, टेलिफोन, सूचना प्रविधि, स्वास्थ्य, यातायात, ढल निकास, बैंकिङ्ग, कानूनी, चिकित्सा वा इन्जिनियरिङ वा त्यस्तै प्रकृतिका अन्य सेवालाई जनाउछ । सो शब्दले मूल्य लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवालाई समेत सम्झनु पर्छ ।

(न) "त्रुटीपूर्ण उत्पादन" भन्नाले कुनै वस्तुमा गुणस्तर, परिमाण, मात्रा, शुद्धता, मानक वा लेबलदावि गरिएकोमा त्यस अनुरुप नभएको भन्ने सम्झनु पर्छ ।

(प) "अदालत"भन्नाले दफा संघीय सरकारले तयार गरेको उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम गठित उपभोक्ता अदालत वा सो गठन नभएसम्म काठमाडौं जिल्ला अदालत सम्झनु पर्दछ ।

## परिच्छेद २
## स्थानीय बजार व्यवस्थापन सम्वन्धी व्यवस्था

**६. दर्ता सम्वन्धी व्यवस्थाः**

(क) नगरपालिका क्षेत्र भित्र कुनै प्रकारका वस्तु वा सेवाका उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, संचयकर्ता, संकलनकर्ता समेतका प्रदायक वा बिक्रेताले आफ्नो कारोवार सञ्चालन गर्दा नगरपालिकाको स्वीकृति र दर्ता विना कारोवार सञ्चालन गर्न हुँदैन ।

(ख) नगरपालिकामा दर्ताका लागि अनुसूचिमा तोकिएको ढाँचामा आवेदन फारम भर्नु पर्नेछ ।

(ग) विक्रेताले आफुले सञ्चालन गर्ने कारोवारको प्रचलित संघ र प्रदेश कानून वमोजिम दर्ता स्वीकृति लिनुपर्ने भए लिएको प्रमाण समेत आवेदनकासाथ पेश गनुपर्नेछ ।

(घ) यसरी पेश भएको फारम उपर सम्वन्धित अधिकारीले छानविन गरि दर्ता गर्न मिल्ने भए दर्ता गरि दर्ता प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ । दर्ता गर्न नमिल्ने भए सोको स्पष्ट कारण सहित जानकारी गराउनु पर्नेछ ।

**७. दर्ता नवीकरणः**

नगरपालिबाट दर्ता गरिएका उद्योग,व्यापार व्यवसायहरु तोकिए वमोजिम शुल्क बुझाई दर्ता नविकरण गर्नुपर्नेछ । दर्ता नविकरण गर्दा तोकिए वमोजिम विक्रेताको वर्गिकरण गरि शुल्क निर्धारण गर्नुपर्नेछ ।

**८. विक्री वितरण स्थल सम्वन्धी व्यवस्थाः**

(क) नगरपालिका क्षेत्रभित्र वस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा स्वीकृत प्राप्त गरेको स्थानमा वाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको विक्रि वितरण गर्न हुँदैन । सामान्यतया सामानको अवस्था त्यसले पार्ने वातवरणीय प्रभाव, ट्राफिक व्यवस्थापन, फोहरमैला उत्पादन, विष विषादीजन्य जस्ता विषयलाई मध्यनजर गरि खास प्रकारका मालसामान वस्तु वा सेवा कस्ता ठाउँमा राखेर विक्रि वितरण गर्न पाईने भन्ने विषय तोकिए वमोजिम हुनेछ ।

**९. स्थान र समय निर्धारण गर्न सक्नेः**

(क) नगरपालिकाले कुनै वस्तुको विक्रि वितरण वा वा सेवाका सञ्चालनका लागि कुनै स्थानर समय निर्धारण गरि दिन सक्नेछ । स्थान निर्धारण गर्दा

सम्भव भएसम्म एकै प्रकारका फर्म, पसल, कम्पनी, उद्योग व्यवसायलाई एकै ठाउँमा सञ्चालन गर्न अनुमति दिनुपर्नेछ ।

(ख) स्थान र समय निर्धारण गर्दा नगरपालिकाबाट विज्ञहरुको एक समिति गठन गरि सो समितिको प्रतिवेदनका आधारमा निर्धारण गर्नुपर्नेछ ।

(ग) स्थान र समय निर्धारण गर्दा विद्युत, पिउने पानी, शौचालय, फोहरमैला व्यवस्थापन, सुरक्षा प्रवन्ध, बाटोघाटो, ट्राफिक व्यवस्थापन समेतलाई ध्यान दिनु पर्नेछ ।

**१०. स्थान उपलब्ध गराउन सक्नेः**

(१) कुनै वस्तु वा सेवा सञ्चालनका लागि नगरपालिकाले तोकिए वमोजिम शर्त निर्धारण गरि नगरक्षेत्र भित्र आवश्यकतानुसार सेवा सञ्चालन वा विक्री कक्ष सञ्चालनका लागि स्थान उपलब्ध गराउन सक्नेछ ।

(२) नगरपालिकाले उपलब्ध गराएको स्थानलाई सम्वन्धित विक्रेता आफैले प्रयोग गर्न वाहेक नगर पालिकाको स्वीकृति बेगर अरु कसैलाई सञ्चालन गर्न दिन वा सवलिजमा दिन हुदैन ।

(३) तोकिएको शर्त पुरा नगरेको पाइएमा नगरपालिकाले स्थान खाली गराई अर्को वास्तविक विक्रेतालाई उपलब्ध गराउनु सक्नेछ ।

**११. वातावरण सफा र स्वचछ राख्नुपर्नेः**

नगरपालिका क्षेत्रमा कारोवार गर्ने वस्तु वा सेवा विक्रेताले नगर पालिका क्षेत्रको सरसफाई र स्वच्छतामा हानी नोक्सानी गर्ने कुनै पनि गतिविधि सञ्चालन गर्नु हुँदैन । आफ्नो अगाडिको सडक बाटो सफा राख्ने र आफुले निकालेको फोहोरको उचित व्यवस्थापन गर्नु सम्वन्धित प्रदायक वा विक्रेताको कर्तव्य हुनेछ । आफुले उत्सर्जन गरेको प्रदुर्षणको अनुपातमा सरसफाई कायम राखि वातावरण संरक्षणका लागि नगरपालिकालाई तोकिए वमोजिम क्षतिपूर्ति बुझाउनु पर्नेछ । प्राप्त क्षतिपूर्ति रकम नगरपालिकाले नगरको सरसफाई र वातावतरण संरक्षणमा खर्च गर्नुपर्नेछ । तोकिए वमोजिम वाहेक कसैले फोहर गरि वातावरण विगार्ने कुनै गतिविधि सञ्चालन गरे नगरपालिकाले जरिवाना गरि क्षतिपूर्ति असुल गर्न सक्नेछ ।

**१२. उद्योग/फर्म/पसल/व्यवसाय सञ्चालनमा प्रतिवन्धः**

(१) देहाय अनुसारका पसल, उद्योग, फर्म सञ्चालन गर्न अनुमति दिनु हुदैन ।

(क) मन्दिरको आसपास ३०० मिटर भित्र माछामासु, मदिरा पसल राख्न दिन पाइने छैन ।

(ख) अस्पतालको ५०० मिटर आसपासमा मदिरा पसल, गृल उद्योग, फर्निचर उद्योग समेतका ठूलो आवाज आउने व्यवसाय सञ्चालन गर्नु हुँदैन ।

(ग) विद्यालयको ३०० मिटर आसपासमा मदिरा पसल, धुम्रपान, मदिरा, गृल उद्योग, ठूलो आवाज आउने उद्योग व्यवसाय सञ्चालन गर्नु हुँदैन ।

(घ) खुला रुपमा पशुपंक्षिको वधशाला सञ्चालन गर्नु हुँदैन ।

(ङ) सार्वजनिक सडक पेटी बाटो ओगटेर पसल सञ्चालन गर्नु हुँदैन ।

१३. **आपुर्ति व्यवस्थापनः**

(१) नगरपालिका क्षेत्रमा आवश्यक वस्तु वा सेवाको बजार माग अनुसार आपुर्तिको व्यवस्थापन सम्वन्धित वस्तु वा सेवाको प्रदायक वा विक्रेताले गर्नु पर्छ ।

(२) उपभोग्य आवश्यक वस्तु वा सेवाको बजारमा माग अनुसार उत्पादन, आयात तथा भण्डारको अवस्थाका सम्वन्धमा नियमित विश्लेषण गरि सो को आधारमा सम्वन्धित प्रदायक वा बिक्रेतालाई आपुर्ति व्यवस्थापनकालागि आवश्यक सहजीकरण नगरपालिकाको बजार विश्लेषण तथा अनुगमन इकाईले गर्नुपछ (३) बजार विश्लेषणको आधारमा वस्तु र सेवाको आपुर्ति व्यवस्थापन गराउनु बजार विश्लेषण तथा अनुगमन इकाईको हुनेछ ।

(४) बजार विश्लेषण तथा अनुगमन इकाईले मागेको विवरण तोकिएको समय भित्र सम्वन्धित प्रदायक वा बिक्रेताले दिनुपर्नेछ ।

(४) आपुर्ति व्यवस्थापनमा कुनै समस्या र गुनासो भए आवश्यक सहजीकरणकालागि तत्काल सम्वन्धित प्रदायक वा विक्रेताले बजार विश्लेषण तथा अनुगमन इकाईलाई जानकारी गराउनु पर्नेछ ।

(५) बजारमा दैनिक उपभोग्य अत्यावश्यक वस्तु वा सेवाको आपुर्ति व्यवस्थामा गंभिर संकट र विचलनको अवस्था आए नगरपालिकाले त्यस्तो वस्तु वा सेवाको बजार नियन्त्रण गरि सहज आपुर्ति व्यवस्था नभए सम्मको लागि कुनै निजि, सार्वजनिक संस्था वा सहकारी मार्फत त्यस्तो वस्तु र सेवाको विक्री वितरणको व्यवस्था गराउन सक्नेछ ।

(६) बजार विश्लेषण तथा अनुगमन इकाईको गठन नगरपालिकाको उप प्रमुख वा नगरपालिकाले तोकेको सदस्यको संयोजकत्वमा तोकिए वमोजिम सदस्यहरु रहनेछन् । इकाईको अन्य काम कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

**१४. सुपथ मूल्यको पसलको स्थापना तथा सञ्चालन गर्न गराउन सकिनेः**

दैनिक उपभोग्य वस्तुहरुको सहज र सुपथ उपलब्धताका लागि नगरपालिकाले सार्वजनिक, सहकारी तथा निजी क्षेत्रसंगको सहकार्यमा सुपथ मूल्यका पसलको स्थापना तथा सञ्चालन गर्न गराउन सक्नेछ ।

**१५. दर्ता खारेजीः**

(१) देहायको अवस्थामा नगरपालिकामा दर्ता भएका वस्तु वा सेवा प्रदायक वा विक्रेताको दर्ता खारेज गरि सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्नेछ ।

(क) लगातार ३ वर्ष सम्म नविकरण नगरेमा,

(ख) दर्ता गरिए अनुसार काम नगरेमा,

(ग) यस ऐन तथा नियमको उलंघन गरेकोमा पटक पटक सचेत गराउँदा समेत सुधार नभएको पाइएमा,

(घ) स्वीकृती वेगर तोकिएको स्थान भन्दा अन्यत्रै कारोवार सञ्चालन गरेमा,

(२) दर्ता खारेजी गर्नु अघि पर्याप्त सुनुवाईको मौका प्रदान गर्नु पर्नेछ ।

## परिच्छेद २

## उपभोक्ताको हित संरक्षण तथा सम्वर्द्धन सम्बन्धी व्यवस्था

**१६. उपभोक्ताको हित संरक्षण तथा सम्बर्द्धनः**

(१) बुढानिलकण्ठ नगरपालिकाका प्रत्येक उपभोक्तालाई मुनासिव मूल्य, ठीक परिणाम र गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी उपभोक्ताको हक, हित र सरोकार संरक्षण गर्ने प्रयोजनको लागि प्रत्येक उपभोक्तालाई देहायको अधिकार प्राप्त हुनेछः-

(क) मानव जीउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानी पुऱ्याउने वस्तु तथा सेवाको बिक्री  वितरणबाट सुरक्षित हुन पाउने अधिकार,

(ख) वस्तु वा सेवामा सहज पहुँच र दैनिक उपभोग्य अत्यावश्यक वस्तु र सेवाको उपलब्धताको अधिकार,

(ग) वस्तु वा सेवाको उत्पादक, आयातकर्ता, विक्रेता, मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदि बारे सुसूचित हुने अधिकार,

(घ) स्वच्छ प्रतिस्पर्धात्मक मुनासिव मूल्यमा वस्तु वा सेवाको छनौट गर्न पाउने अधिकार,

(ङ) वस्तु वा सेवाको प्रयोगबाट भएको हानी नोक्सानी विरुद्ध क्षतिपूर्ति पाउने अधिकार,

(च) उपभोक्ताको हक, हितको संरक्षणको सम्बन्धमा सक्षम अधिकारी वा निकायबाट उपचार पाउने वा सुनुवाई हुने अधिकार,

(छ) उपभोक्ताले शिक्षा पाउने अधिकार ,

(ज) स्वच्छ तथा स्वस्थ वातावरणीय अधिकार ,

(झ) उपभोक्ता सहभागिताको अधिकार ।

(३) उपभोक्ता हकहितको संरक्षण र सम्बर्द्धन गर्ने जिम्मेवारी नगरपालिका, तोकिएका अधिकारी तथा वस्तु वा सेवाका प्रदायक वा विक्रेताको हुनेछ ।

**१७. उपभोक्ताको हित संरक्षण गर्न वस्तु वा सेवाको नियमनः**

(१) नगरपालिकाले उपभोक्ताको हित संरक्षण गर्न नियमित रुपमा उपभोग्य वस्तु वा सेवाको आपूर्ति मूल्य, गुणस्तर, नापतौल, लेवल, विज्ञापन आदिको नियमन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियमन गर्दा नगरपालिकाले देहायका काम गर्नेछः

(क) वस्तु वा सेवाको गुणस्तर, मूल्य निर्धारण र आपूर्ति व्यवस्था सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ख) उपभोक्ताको हक हितमा प्रतिकूल असर पर्ने वा पर्न सक्ने एकाधिकार, अनुचित तथा निषेधित व्यापारिक कृयाकलापको रोकथाम र नियन्त्रण गर्ने वा त्यस सम्बन्धमा कार्य योजना बनाई लागू गर्ने,

(ग) नगरपालिका भित्र खपत हुने उपभोग्य वस्तु वा सेवाको माग र आपूर्ति स्थितिको निरन्तर विश्लेषण तथा समीक्षा गरी स्वच्छ बजार कायम गर्ने,

(घ) वस्तु वा सेवाका उत्पादक, बिक्रेता वा वितरकहरूले अवाञ्छित तरिकाले गरेको मूल्य वृद्धिलाई रोक्न र नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्ने,

(ङ) उपभोक्तालाई उचित मूल्यमा सहज रुपमा दैनिक रुपमा उपभोक्ताले उपभोग गर्ने अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्था सुनिश्चित गर्न नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाको पूर्ण वा

आंशिक स्वामित्व भएका संस्था वा निजी फर्म वा कम्पनी तथा स्थानिय सहकारी संस्था मार्फत आपूर्तिको व्यवस्था सहज गर्ने,

(च) कुनै समयावधिका लागि अधिकतम मौज्दातको परिणाम तोक्ने,

(छ) नगरपालिका भित्र उत्पादित कुनै दैनिक उपभोग्य वस्तु वा सेवाको अभाव भएमा त्यस्ता खाद्य तथा उपभोग्य वस्तुको निश्चित परिमाण निर्धारण गरी तोकिएको मूल्यमा उत्पादकसंगबाट खाद्य वस्तु प्राप्त गर्ने र सर्वसाधारणलाई बिक्री गर्ने,

(ज) थोक वा खुद्रा व्यवसायलाई व्यवस्थित गर्न त्यस्ता व्यवसायसँग सम्बन्धित व्यापारिक फर्म वा कम्पनीको नाम, ठेगाना, उपभोग्य वस्तुको मौज्दात लगायत अन्य आवश्यक विवरण खुलाउन लगाई मूल्यमा एकरुपता कायम गर्न आवश्यक व्यवस्था गर्ने,

(झ) उपभोक्ताको हक हित संरक्षण गर्न र आपूर्ति व्यवस्थालाई नियमित गर्नको लागि कुनै उपभोग्य वस्तु वा सेवाको कृत्रिम अभाव हुन नदिन वा सबै ठाउँमा नियमित रूपमा उपभोग्य वस्तु वितरण गर्न संघ, प्रदेश स्थानीय तह तथा सम्वन्धित निकायहरूसँग समन्वय गर्ने,

(ञ) उपभोग्य वस्तुको बिक्री वितरण प्रणालीलाई नियमित गर्ने र अनुपयुक्त तवरले अभाव सृजनागर्ने वा कालोबजारी गर्ने काम वा अनुचित व्यापारिक क्रियाकलापलाई नियन्त्रण गर्ने,

(३) उपभोक्ताको हक हित संरक्षण, आपूर्ति व्यवस्था नियमित र उपभोग्य वस्तु तथा सेवाको मूल्य एवं गुणस्तर नियन्त्रण सम्बन्धी व्यवस्थाको प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न नगरपालिकाले समय समयमा आवश्यक नीतिगत र संस्थागत व्यवस्था गर्न सक्नेछ ।[१]

(४) उपदफा (३) बमोजिमको व्यवस्था तोकिए बमोजिम कार्यान्वयन गर्नु पर्नेछ ।

**१८. उपभोग्य वस्तु वा सेवाको गुणस्तरः**

(१) कुनै उपभोग्य वस्तुमा अन्तरनिहित कुनै पदार्थको गुणस्तर वा मापदण्ड निर्धारण भएको रहेछ भने सो वमोजिम र नेपाल सरकारले त्यस्तो वस्तु वा सेवाको गुणस्तरको मापदण्ड निर्धारण गरिए वमोजिम हुनेछ । गुणस्तरको मापदण्ड निर्घारण नभएको वस्तु वा सेवा भए उत्पादकले उपभोग योग्य छ भनि गुणस्तरको स्वघोषणा गरेको हुनुपर्नेछ ।

लेवल नलागेको वा गुणस्तर निर्घारण नगरिएको वा गुणस्तरको स्वघोषणा

१.

नभएको कुनैपनि वस्तु वा सेवा कसैले पनि विक्री वितरण गर्नु गराउनु हुँदैन ।

**१९. उपभोग्य वस्तुको लेवलमा उल्लेख गर्नुपर्ने कुराः**

(१) नगरपालिका क्षेत्र भित्र उत्पादन, पैठारी तथा विक्री वितरण हुने वस्तुको लेबलमा देहायका कुराहरू उल्लेख गर्नु पर्नेछः

(क) उत्पादकको नाम, ठेगाना र उद्योगको दर्ता नम्बर,

(ख) खाद्य पदार्थ, औषधि र सौन्दर्य सामाग्री जस्ता उपभोग्य वस्तुमा त्यस्ता वस्तुको मिश्रण, मिश्रणका तत्व, परिमाण र तौल,

(ग) गुणस्तर निर्धारण भएको उपभोग्य वस्तु भएमा त्यस्तो वस्तुको गुणस्तर,

(घ) उपभोग्य वस्तु उपभोग गर्ने तरिका र त्यस्तो वस्तु उपभोग गरेबाट हुन सक्ने नकारात्मक प्रभाव (साइड इफेक्ट),

(ङ) निश्चित अवधिभित्र उपभोग गरिसक्नुपर्ने वस्तु भए त्यस्तो अवधि र सोको मिति,

(च) उपभोग्य वस्तुको बिक्री मूल्य, ब्याच नम्बर र उत्पादन मिति,

(छ) इलेक्ट्रोनिक, हार्डवेयर, विद्युतीय वा यान्त्रिक वा लामो समयसम्म प्रयोगमा रहने उपभोग्य वस्तु भए त्यस्तो वस्तुको ग्यारेण्टी, ग्यारेण्टी मिति तथा सो वस्तुसँग सम्बन्धित कानून बमोजिम अन्य आवश्यक कुरा,

(ज) खण्ड (छ) बमोजिमका अवस्थामा कुनै त्रुटी देखिएमा त्यसको शोधभर्ना दिने वा निश्चित अवधिसम्म मर्मत गरिदिने व्यवस्था,

(झ) प्रज्वलनशील, दुर्घटनाजन्य वा सजिलैसँग टुटफुट हुन सक्ने उपभोग्य वस्तु भए त्यस्तो वस्तुको सुरक्षाको लागि अपनाउनु पर्ने पूर्व सावधानी सम्बन्धी विवरण,

(ञ) उपभोग्य वस्तुमा लाग्ने सबै प्रकारका कर समावेश गरी हुन आउने अधिकतम खुद्राबिक्री मूल्य,

(ट) कुनै उपभोग्य वस्तु प्रयोग गर्नु पूर्व कुनै प्रक्रिया पूरा गर्नु पर्ने भए त्यस्तो प्रक्रिया र त्यस्तो प्रक्रिया नपुर्‍याई प्रयोग गर्दा हुन सक्ने हानी नोक्सानी,

(ठ) मानव स्वास्थ्यलाई हानी पुऱ्याउन सक्ने पदार्थहरूको लेबलमा चेतनामूलक सन्देश, चित्र वा चिन्हको प्रयोग,

(ड) तोकिए बमोजिमका अन्य कुरा ।

(२) उपदफा (१) बमोजिमका लेबलमा उल्लेख गर्नु पर्ने कुरा नेपालभित्र उत्पादन भएका वस्तु भए नेपाली र अंग्रेजी भाषामा लेखिनु पर्नेछ र पैठारी भएको वस्तु भए उत्पादकले नेपाली वा अंग्रेजी भाषामा लेबलिङ्ग गरिएको हुनु पर्नेछ । लेवलिङ्ग गर्दा अक्षरहरु स्पष्ट र सर्वसाधारणले
बुझ्ने गरि उल्लेख गरेको हुनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेबलिङ्ग नगरिएको उपभोग्य वस्तु नगरपालिका क्षेत्रमा पैठारी गर्न पाइने छैन ।

(४) उपदफा (१) बमोजिम लेबलमा उल्लेख गरिनु पर्ने कुरा उल्लेख नगरिएको वस्तु कसैले पैठारी गरेकोमा त्यस्तो वस्तु जफत गरि सो को प्रयोगबाट हानी नोक्सानी हुन गएमा पैठारी गर्ने व्यक्ति वा संस्था सो हानी नोक्सानीको लागि जिम्मेवार हुनेछ ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि खुला रुपमा बिक्री गरिने तरकारी, फलफूल जस्ता चाडै कुहिने उपभोग्य वस्तु बिक्री गर्दा यस दफामा लेखिएका कुरा उल्लेख गन आवश्यक हुने छैन । तर विक्रेताले विल विजक जारी गर्दा उत्पादक, आयातकर्ताको परिचय खुलाई विल विजक जारी गर्नु पर्नेछ ।

## परिच्छेद ३

## उपभोग्य वस्तु वा सेवाको बजारसाग सम्बद्ध पक्षको दायित्व

**२०. उत्पादकको दायित्वः**

(१) उपभोग्य वस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले उपभोग्य वस्तु उत्पादन गर्दा कानून बमोजिम पूरा गर्नुपर्ने अन्य दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) प्रचलित कानून वमोजिम दर्ता नविकरण गर्ने ।

(ख) गुणस्तरीय वस्तु वा सेवा उत्पादन गर्ने,

(ग) वस्तुको लेबल निर्धारण गर्ने,

(घ) लेबलमा दफा १९ बमोजिमका कुरा उल्लेख गर्ने,

(ङ) त्रुटीपूर्ण उत्पादन नगर्ने,

(च) आफूले उत्पादन गरेको वस्तु त्रुटीपूर्ण उत्पादन भइ त्यस्तो वस्तु बजारमा रहेको कुरा जानकारीमा आएमा त्यस्तो वस्तु संकलन गरी नष्ट गर्ने,

(छ) वस्तु वा सेवाको उत्पादनका कारण उपभोक्तालाई कुनै किसिमको क्षति भएमा सोको क्षतिपूर्ति दिने,

(छ) वस्तु वा सेवाको गलत वा भ्रामक विज्ञापन वा प्रचार प्रसार नगर्ने,

(ज) न्यून गुणस्तर वा कमसल वस्तुको उत्पादन नगर्ने,

(झ) दुई वा दुईभन्दा बढी पदार्थको समिश्रणबाट बनेको वा उत्पादित उपभोग्यवस्तुमा रहेका त्यस्ता पदार्थको मात्रा, तत्व वा प्रतिशतको उपभोक्तालाई जानकारी दिनुपर्ने,

(ट) उत्पादनको लागत मूल्यको हर हिसाव राखी, विक्री गर्दा विल वा रसिद दिने ।

(ठ) कानून बमोजिम तोकिएका अन्य शर्त पूरा गर्ने ।

(२) उपभोग्य वस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले उपदफा (१) बमोजिमको दायित्व पूरा नगरेको वा कुनै वस्तुको उत्पादन, निर्माण, प्रशोधन, जाँच, परीक्षण, डिजाइन, सूत्र, तयारी, बजार पैठारी, प्याकिङ्ग, लेबलिङ्गको क्रममा भएको कुनै त्रुटी, कमी कमजोरी (डिफेक्ट) को कारण गुणस्तरहीन भई त्यस्तो वस्तु वा सेवाको विक्री वितरण भएको पाइएमा वा त्यस्तो वस्तु वा सेवा उपभोग गरेका कारण कसैको जिउ, ज्यान, सम्पत्तिमा हानी नोक्सानी भएमा त्यस्तो हानी नोक्सानी पुगेमा त्यस्तो वस्तु वा सेवा जफत गर्ने र उत्पादन, पैठारी, विक्री रोक्का गर्नुपर्नेछ। उपभोक्तामा पुगेको हानी नोक्सानी वापत क्षतिपूर्ति दिने दायित्व उत्पादकको हुनेछ । उपभोक्तामा पुग्न गएको हानी नोक्सानीको क्षति एकिन भए सो वमोजिम र उपभोक्ता र क्षति एकिन नभए विक्री परिणामका आधारमा नगर उपभोक्ता संरक्षण कोषमा रहने गरि उत्पादकलाई जरिवाना र उपभोक्तालाई क्षतिपूर्ति भराइ दिनु पर्छ । उक्त वस्तु वा सेवा उपभोग गरेका कारण हानी नोक्सानी पुगेको प्रमाण सहित दावी लिई कुनै उपभोक्ता अदालतमा आई निवेदन गरे अदालतको आदेश वमोजिम उपभोक्ता संरक्षण कोषबाट भराइ लिन पाउनेछ। कसैको स्वास्थ्य,

जीउ ज्यानमा हानी नोक्सानी पुगेको भए प्रचलित कानून वमोजिम सजाय समेत हुनेछ ।

तर, उत्पादकलाई जिम्मेवार बनाउन दाबी लिएको हानी नोक्सानी उत्पादित वस्तुको त्रुटीपूर्ण उत्पादनका कारणबाट भएको हो भन्ने पुष्टि प्रत्यक्ष प्रमाणको आधारमा भएको हुनुपर्नेछ । जुन वस्तु वा सेवाको उपभोगको कारण हानी नोक्सानी पुगेको हो त्यस्तो वस्तु वा सेवाको वास्तविक उत्पादकलाई हानी नोक्सानीका बारेमा जानकारीमा रहेको कुरा पुष्टी हुनु पर्नेछ ।

२१. **पैठारीकर्ताको दायित्वः**

(१) उपभोग्य वस्तुको पैठारी गर्ने पैठारीकर्ताले त्यस्तो वस्तु पैठारी गर्दा प्रचलित कानून बमोजिम पूरा गर्नुपर्ने दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः

(क) पैठारीकर्ता प्रतिलित कानुन वमोजिम दर्ता नविकरण भएको हुनपर्ने ।

(ख) परल मूल्य भन्दा बढी वा फरक नपर्ने गरी पैठारी गर्नुपर्ने,

(ग) वित्री मूल्य घोषणा गरेको हुनुपर्ने ।

(ग) पैठारी गरिएको उपभोग्य वस्तुको किसिम, परिमाण, गुणस्तर र उत्पादन सम्बन्धी सम्पूर्ण विवरण नियमनकारी निकाय वा अन्य अधिकारीले मागेका बखत उपलब्ध गराउने,

(घ) कानूनले तोके बमोजिमका वस्तु बाहेक पैठारी गर्न नहुने,

(ङ) उपभोग्य वस्तुको पैठारी सम्बन्धमा कानून बमोजिम र अन्य दायित्व पूरागर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वस्तुको गुणस्तर वा प्रकृति बमोजिम अन्यथा व्यवस्था भएकोमा बाहेक पैठारी भएको मितिबाट छ महिना पछि उपभोग गर्न नहुने वा नसकिने वा त्यस्तो अवधि समाप्त भएपछि उपभोग गर्न नमिल्ने वस्तु पैठारी गर्न पाइने छैन ।

(३) पैठारीकर्ताले दायित्व पुरा नगरेको पाइए पैठारी गरेको सामान जफत गरि सामानको मूल्य वमोजिम जरिवाना हुनेछ ।

२२. **ढुवानीकर्ताको दायित्वः**

उपभोग्य वस्तु ढुवानी गर्ने ढुवानीकर्ताले कानून बमोजिम पूरा गर्नुपर्ने अन्य दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः

(क) ढुवानीकर्ताको दर्ता अनुमति प्राप्त गरेको हुनुपर्ने ।

(ख) ढुवानी गरिने उपभोग्य वस्तुको प्रकृति अनुसार निर्धारित अवधि भित्र नै ढुवानी गर्नु पर्ने,

(ख) ढुवानी गर्दा उपभोग्य वस्तुको गुणस्तरमा ह्रास आउन नदिने आवश्यक प्रवन्ध गरेको हुनुपर्ने

(ग) ढुवानीकर्ता तोकिएको योग्यता अनुसारको हुनु पर्ने,

(घ) ढुवानी गर्दा तोकिए बमोजिम सुरक्षात्मक व्यवस्था तथा पालना गर्नु पर्ने शर्तहरु पालन गर्ने,

(ङ) सम्बन्धित निकायले माग गरेको वखत उपभोग्य वस्तुको विवरण उपलब्ध गराउने,

(च) ढुवानीकर्ताले पूरा गर्नुपर्ने अन्य दायित्व पूरा गर्ने ।

(३) ढुवानीकर्ताले दायित्व पुरा नगरी ढुवानी गरेको पाइए ढुवानी गरेको सामान जफत गरि सामानको मूल्य वमोजिम जरिवाना हुनेछ ।

२३. **संचयकर्ताको दायित्वः**

उपभोग्य वस्तुको संचय गर्ने संचयकर्ताले कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः

(क) संचकर्ता दर्ता नविकरण भएको हुनुपर्ने ।

(ख) उपभोग्य वस्तु संचय गर्दा त्यस्ता वस्तुको प्रकृति अनुसार सतर्कता अपनाएको हुनुपर्ने ।

(ग) तोकिएको सुरक्षात्मक व्यवस्था अपनाएको हुनुपर्ने,

(घ) गुणस्तरमा ह्रास आउने खालको कुनै काम नगर्ने,

(ङ) उत्पादकद्वारा उल्लेख भएका वस्तुको विवरणलाई कुनै पनि किसिमले फेरबदल नगर्ने,

(च) सम्बन्धित निकायले माग गरेको वखत त्यस्ता वस्तुको संचयसँग सम्बन्धित विवरण उपलब्ध गराउने,

(छ) संचयकर्ताले पूरा गर्नुपर्ने अन्य दायित्व पूरा गर्ने ।

(३) संचयकर्ताले दायित्व पुरा नगरेको पाइए संचय गरेको सामान जफत गरि सामानको मूल्य वमोजिम जरिवाना हुनेछ ।

**२४. विक्रेताको दायित्वः**

उपभोग्य वस्तुको खुद्राबिक्रीगर्ने विक्रेताले कानून बमोजिम पूरा गर्नुपर्ने अन्य दायित्वको अतिरिक्तदेहायको दायित्व पूरा गर्नुपर्नेछः

(क) विक्रेता दर्ता नविकरण भएको हुनुपर्ने ।

(ख) विना भेदभाव उपभोक्तालाई गुणस्तरीय उपभोग्य वस्तुको बिक्री गर्ने,

(ग) वस्तुको किसिम वा प्रकृति अनुसार गुणस्तरमा ह्रास नआउने गरी सुरक्षित रुपमा राख्ने र सुरक्षित रुपमा बिक्री गर्ने,

(घ) सर्वसाधारणले स्पष्ट रुपमा बुझ्ने गरी देख्ने ठाँउमा उपभोग्य वस्तुको मूल्य सूची राख्ने,

(ङ) सम्बन्धित निकायले मांग गरेका वखत आफूसँग रहेको उपभोग्य वस्तुको मौज्दात वा विवरण उपलब्ध गराउनु पर्ने,

(च) उपभोग्य वस्तुमा कुनै किसिमको ग्यारेन्टी, वारेन्टीको व्यवस्था भएमा त्यस्तो व्यवस्था पालना गर्ने

(छ) पहिले आउने उपभोक्तालाई पहिले उपभोग्य वस्तु बिक्री गर्ने,

(ज) उपभोग्य वस्तु बिक्री गरेपछि त्यसको बिल वा रसिद दिने ।

(३) विक्रेताले दायित्व पुरा नगरेको पाइए त्यस्तो वस्तु वा सेवाको कारोवार रोक्का राखी कैफिय पाइएको सामान जफत गरि सामानको मूल्य वमोजिम जरिवाना हुनेछ ।

**२५. सेवा प्रदायकको दायित्वः**

उपभोक्तालाई सेवा प्रदान गर्ने सेवा प्रदायकले कानून बमोजिम पूरा गर्नुपर्ने अन्य दायित्वको अतिरिक्त देहायकोदायित्व पूरा गर्नु पर्नेछः

(क) सेवा प्रदायक दर्ता नविकरण भएको हुनुपर्ने ।

(ख) विना भेदभाव उपभोक्तालाई सेवा प्रदान गर्ने,

(ख) सर्वसाधारणले स्पष्ट रुपमा बुझ्ने गरी सबैले देख्ने ठाँउमा आफूले प्रदान गर्ने सेवाको सूची तथा त्यसको मूल्य सूची राख्ने,

(ग) सम्बन्धित निकायले मांग गरेका वखत आफूले प्रदान गर्ने सेवासँग सम्बन्धित विवरण तथा कागजात उपलब्ध गराउने,

(घ) पहिले आउने उपभोक्तालाई पहिले सेवा प्रदान गर्ने,

(ङ) उपभोक्तालाई सेवा प्रदान गरे वापतको रकम लिएपछि त्यसको बिल वा

रसिद दिने,

(च) तोकिए बमोजिम अन्य दायित्व पालना गर्ने ।

**२६. बजारको तह निर्धारण सम्वन्धी व्यवस्थाः**

नगरपालिकाले उपभोक्ता हक हित संरक्षण गर्न, बजारको नियम(मार्केट रुल) बमोजिम बजार व्यवस्थापन गर्ने, बजारलाई स्वच्छ, सुलभ तथा पारदर्शी बनाउन तोकिएको वस्तु वा सेवाकालागि तोकिए बमोजिम बजारको तह निर्धारण गर्नेछ । तह निर्धारण गर्दा परिश्रम र लगानी नगरी मुनाफा प्राप्त गर्ने कुनै पनि तह कायम गरिनु हुँदैन ।

**२७. उपभोग्य वस्तु फिर्ता गर्न सकिनेः**

(१) कसैले विक्रेताबाट खरिद गरेको कुनै उपभोग्य वस्तु चित्त नबुझी फिर्ता गर्न चाहेमा सात दिनभित्र खरिद गरेको त्यस्तो विक्रेता समक्ष फिर्ता गर्न वा त्यस्तो वस्तुको सट्टा सोही मूल्य बराबरको त्यस्तै अर्को वस्तु लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोग्य वस्तु फिर्ता गर्दा विक्रेताले मूल्यमा कटौति गर्न वा अन्य कुनै किसिमको थप शुल्क लिन पाउने छैन ।

(३) उपदफा (१) बमोजिम उपभोग्य वस्तु फिर्ता गर्दा त्यस्तो उपभोग्य वस्तु खरिद गर्दाका बखत विक्रेताले दिएको बिल वा रसिद देखाउनु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको उपभोग्य वस्तु फिर्ता गर्न वा सट्टा लिन सकिने छैनः-

(क) खरिद भइसकेपछि खरिदकर्ताले त्यस्तो वस्तुको गुणस्तर वा परिमाणमा परिवर्तन गरेमा,

(ख) निश्चित अवधिभित्र उपभोग गरी सक्नुपर्ने प्रकृतिका वस्तु भए त्यस्तो अवधि व्यतित भइसकेको वस्तु भएमा,

(ग) दूध, फलफूल, तरकारी, माछा, मासु जस्ता तुरुन्त उपभोग नगरेमा सडि, गली जाने प्रकृतिका वस्तु भएमा,

(घ) प्याकेजिङ्गमा रहेको वस्तु भए प्याकेजिङ्ग खोलेमा,

(ङ) खरिद गरेको वस्तु प्रयोग गरिसकेको भएमा ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सिलबन्दी गरेको उपभोग्य वस्तु भए सिल नतोडिएको अवस्थामा त्यस्तो वस्तु एक महिनाभित्र फिर्ता गर्न वा त्यस्तो वस्तुको सट्टा सोही मूल्य बराबरको त्यस्तै अर्को वस्तु लिन सकिनेछ ।

**२८. विक्रेताले बिल वा बिजक राख्नु पर्ने:**

(१) उपभोग्य वस्तुको उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, संचयकर्ता र बिक्रेताले बिक्री प्रयोजनको लागि खरिद गरेका वस्तु वा सेवाको उत्पादक वा खरिद बिल वा बिजक आफूसँग राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बिल वा बिजक सम्बन्धित अधिकारीले मागेका बखत उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद–४
## निषेधित कामहरु

**२९. अनुचित व्यापारिक क्रियाकलाप गर्न नहुने:**

(१) कसैले पनि अनुचित व्यापारिक क्रियाकलाप गर्न वा गराउन हुदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि उपभोक्ताको अधिकार हनन् हुने वा स्वच्छ बजारका नियम उल्लंघन हुने गरी कसैले देहायको कुनै काम गरेमा अनुचित व्यापारिक क्रियाकलाप गरेको मानिनेछः-

(क) उपभोग्य वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट आदि ढाँटी, लुकाई छिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्री वा प्रदान गरेमा,

(ख) व्यक्तिले उत्पादन गरेको उपभोग्य वस्तुको गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा, बनावट आदिमा प्रतिकूल असर पारी वा भ्रमपूर्ण विज्ञापन गरि बिक्री गरेमा,

(ग) उपभोग्य वस्तु वा सेवाको हकमा मौखिक, लिखित वा दृश्यबाट देहायका कुनै काम गरेमा:

(१) कमसल वस्तुलाई विशिष्ठ वा गुणस्तर भएको स्तरमान, गुणस्तर, मात्रा, श्रेणी, संरचना, डिजाइन देखाइ बिक्री गरेमा,

(२) पुनर्निर्मित वा पुराना वस्तुलाई नयाँ हो भनी देखाइ वा झुक्याई बिक्री गरेमा,

(३) घोषित गरिएका कुनै फाइदा नहुने अवस्थामा पनि वस्तु वा सेवाको बिक्री गर्दा झुठ्ठा र भ्रमपूर्ण रुपमा विज्ञापन वा सूचना प्रसार गरेमा,

(४) उपभोग्य वस्तुको उपभोगवाट उपभोक्ताको कुनै रोग निको हुने भन्ने तथ्यगत आधार विना नै त्यस्तो वस्तुको दावी वा प्रत्याभुति गरे वा बिक्री गरेमा ।

(घ) कुनै उपभोग्य वस्तु वा सेवाको वास्तविक लागतको आधारभन्दा फरक आधारमा उपभोक्ता मूल्यमा भार पर्ने गरी मूल्य निर्धारण गरेमा वा कुनै प्रतियोगिता, चिट्ठा, अवसर आदिको लागत समेत समावेश गरी मूल्य तय गरे वा त्यस्तो मूल्यमा बिक्री गरेमा,

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको मूल्यमा दान, इनाम वा निशुल्क पाइने अन्य वस्तुको मूल्य वा लागत समावेश गरी मूल्य निर्धारण गरे वा त्यस्तो मूल्यमा त्यस्तो वस्तु वा सेवाको बिक्री गरेमा,

(च) कुनै उपभोग्य वस्तु वा सेवामा तोकिएको गुणस्तर वा मानक भन्दा घटी हुने वा बढी हुने गरी वा त्यस्तो वस्तु वा सेवा उपभोगबाट उपभोक्तालाई हानी नोक्सानी पुऱ्याउने गरी त्यस्तो वस्तु उत्पादन, मिश्रण वा आपूर्ति वा ओसारपसार वा संचय वा बिक्री गरेमा,

(छ) कुनै उपभोग्य वस्तुको अनुचित संचय वा कृतिम अभाव हुने गरी मूल्य बढाए, जम्माखोरी गरे वा बिक्री गरेमा,

(ज) त्रुटिपूर्ण उत्पादनबाट नष्ट भएको वस्तुको मूल्य वा व्यापारिक कारोबारको सिलसिलामा करार भएको वस्तुको मूल्य समेत अन्य वस्तुको लागत मूल्यमा समावेश गरी बिक्री गरेमा,

(झ) सक्कली वस्तुलाई विस्थापित गर्न नक्कली वस्तु उत्पादन गरे वा त्यस्तो उत्पादनको बिक्री गरेमा,

(ञ) बिक्री गरेको वस्तु वा सेवाको विल वा विजक जारी गर्न इन्कार गरे वा विल वा वीजक जारी नगरेमा,

(ट) कुनै उपभोग्य वस्तु उपभोग गर्दा उपभोक्तालाई हानी नोक्सानी वा क्षति पुग्ने गरि बिषादी वा कुनै रसायनको प्रयोग गर्ने वा त्यसरी प्रयोग भएको वस्तु बिक्री गरेमा,

(ठ) उपभोग्य वस्तु उपभोग गरिसक्नु पर्ने अवधि व्यतित भइसकेको वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेवल लगाई त्यस्तो वस्तु बिक्री गरेमा,

(ड) उपभोग गर्न नसकिने गुणस्तरहीन वस्तु पैठारी, उत्पादन वा बिक्री गरेमा,

(ढ) उत्पादक, आपूर्तिकर्ता, ढुवानीकर्ता, संचयकर्ता वा विक्रेता वा त्यस्ता व्यक्ति र अन्य व्यक्ति, संघ संस्थाको मिलेमतोबाट दफा १७ को उपदफा (१) को प्रतिकूल हुने गरी मूल्य निर्धारण गरे वा बिक्री गमा,

(ण) कुनै उपभोग्य वस्तु वा सेवा बिक्री गर्दा तोकिएको व्यापारिक तह भन्दा बढी तह वा श्रृंखला खडा गरी बिक्री वा प्रदान गरेमा,

(त) कुनै उपभोग्य वस्तु वा सेवा बिक्री वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी बिक्री गरेमा ।

**३०. माग, आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्न नहुनेः**

(१) कसैले पनि कुनै वस्तुको उत्पादन, पैठारी, ढुवानी, सञ्चय वा बिक्री वितरणमा लागेको लागत र तोकिए बमोजिमभन्दा बढी मुनाफा लिई बिक्री वितरण गर्नु हुँदैन ।

(२) कसैले कुनै व्यक्ति, संस्था वा अन्य कसैसँग मिली देहायका कुनै काम गरी कुनै उपभोग्य वस्तु वा सेवाको माग, आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्न हुँदैनः

(क) कुनै उपभोग्य वस्तुको उत्पादनका लागि चाहिने कच्चा पदार्थको कोटा निर्धारण गर्ने वा कुनै उपभोग्य वस्तुको उत्पादन घटाउने वा त्यस्तै अन्य कुनै काम गर्ने,

(ख) कुनै उपभोग्य वस्तु वा सेवा सञ्चित गरी वा अन्य कुनै तरिकाले कृत्रिम अभाव खडा गर्ने,

(ग) निर्धारित समय वा स्थानमा मात्र उपभोग्य वस्तु वा सेवा बिक्री गर्ने वा त्यस्तै प्रकृतिका अन्य कुनै काम गर्ने ।

**३१. उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा गर्न नहुने अन्य कामः**

कसैले पनि कुनै उपभोग्यवस्तु वा सेवाको सम्बन्धमा देहायका कुनै काम गर्न वा गराउन हुँदैनः

(क) कमसल उपभोग्य वस्तुको जानी जानी उत्पादन, बिक्री वा पैठारी गर्न,

(ख) कुनै उपभोग्य वस्तुको नक्कली वस्तु उत्पादन वा पैठारी गरी उपभोक्तालाई झुक्याउन,

(ग) कुनै उपभोग्य वस्तु वा सेवालाई अर्को उपभोग्य वस्तु वा सेवा हो भनी वा न्यूनस्तरको उपभोग्य वस्तु वा सेवालाई उच्चस्तरको उपभोग्य वस्तु वा

सेवा हो भनी ढाँटी वा झुक्याई बिक्री गर्न,

(घ) कुनै उपभोग्य वस्तु वा सेवाको प्रयोग, उपयोगिता वा प्रभावकारिताको सम्बन्धमा झुट्टा वा भ्रमात्मक सूचना प्रचार प्रसार गर्न वा विज्ञापन गर्न,

(ङ) उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने उपभोग्य वस्तु वा सेवाको उत्पादन वा बिक्री गर्न,

(च) एकै प्रकृतिका विभिन्न वस्तु उत्पादन, पैठारी वा बिक्री गर्न, व्यापारी वा व्यापारिक समूहहरू मिली त्यस्तो उपभोग्य वस्तुको अभाव सिर्जना गरी मूल्य तथा आपूर्ति व्यवस्थामा प्रभाव पार्न,

(छ) एकै प्रकृतिको कुनै सेवा प्रदान गर्ने एक भन्दा बढी व्यापारी वा व्यापारिक समूहको मिलोमतोबाट चक्र प्रणाली, कोटा प्रणाली, आलोपालो, खेप प्रणाली वा टोकन प्रणाली अपनाई सेवा संचालन गर्न,

(ज) एउटा उपभोग्य वस्तु खरिद गर्दा अर्को उपभोग्य वस्तु पनि खरिद गर्न पर्ने व्यवस्था गर्न,

(झ) तोकिए बमोजिमका अन्य काम गर्न ।

३२. **स्वच्छ प्रतिस्पर्धामा अवरोध गर्न नहुने:**

कसैले पनि नगरपालिाका क्षेत्र भित्र स्वच्छ बजार संरक्षण वा स्वच्छ प्रतिस्पर्धामा अवरोध पुऱ्याउने कार्य गर्न वा गराउन हुदैन ।

## परिच्छेद ५
## उपभोग्य वस्तु वा सेवाको मूल्य निर्धारण सम्बन्धी व्यवस्था

३३. **अत्यावश्यक वस्तु र सेवाको सूची:**

(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समय समयमा अत्यावश्यक खाद्य तथा उपभोग्य वस्तु वा सेवाको सूची निर्धारण गरेको वस्तु वा सेवा बिक्री गर्दा तोकिएको अधिकतम मूल्यभन्दा बढी हुने गरी बिक्री गर्न वा गराउनु हुदैन । नेपाल कानून वमोजिम तोकिएको मुनाफा भन्दा वढी मूल्य लिई कसैले पनि कालोबजारी र नाफाखोरी गर्नु हुँदैन ।

३४. **मूल्य सूची तथा दर्ता प्रमाणपत्र राख्नु पर्ने:**

(१) उत्पादकले प्रत्येक उपभोग्य वस्तुको कारखाना मूल्य तथा विक्रेताले बिक्री वितरण गर्ने प्रत्येक वस्तुको थोक वा खुद्रा मूल्य र सेवा प्रदायकले प्रदान

गर्ने सेवाको शुल्क स्पष्ट रुपमा उल्लेख गरी मूल्यसूची राख्नु पर्नेछ । उत्पादक, विक्रेता वा सेवा प्रदायकले खारिद विक्री सम्वन्धी विलविजक दुरुस्त राख्नुपर्नेछ ।

(२) उपभोग्य वस्तु उत्पादन गर्ने उत्पादक उद्योग भए उद्योग दर्ताको प्रमाणपत्र तथा व्यवसायको हकमा व्यावसाय दर्ता प्रमाणपत्र बिक्री स्थलमा सर्वसाधारणले देख्ने गरी राख्नु पर्नेछ ।

## परिच्छेद ६
## बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समिति

**३५. बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिको गठनः**

(१) बजार व्यवस्थापन तथा उपभोक्ताको हित संरक्षण कार्यान्वयन गर्ने विषयमा नीति निर्माण गर्न तथा बजार व्यवस्थापन तथा उपभोक्ताको हक हित संरक्षणका सम्बन्धमा यस ऐन बमोजिम अन्य काम गर्नको लागि एक बजार व्यवस्थापन तथा उपभोक्ता संरक्षण समितिको गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु रहनेछन्:

(क) बूढानीलकण्ठ नगरपालिकाको उपप्रमुख - अध्यक्ष

(ख) नगर बजार अनुगमन टोलीको संयोजक - सदस्य

(ग) बजार विश्लेषण तथा अनुगमन इकाईको संयोजक वा प्रतिनिधि - सदस्य

(ख) बूढानीलकण्ठ नगरपालिकाको आर्थिक समितिका संयोजक - सदस्य

(ग) जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि - सदस्य

(घ) खाद्य, गुणस्तर, औषधि/जनस्वास्थ्य/उद्योग बाणिज्य हेर्ने (उपलब्ध भए सम्मका क्षेत्रगत विषय हेर्ने) शाखाका प्रमुख/प्रतिनिधि - सदस्य

(ङ) सम्बन्धित उद्योग बाणिज्य संघको प्रतिनिधि - सदस्य

(च) उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा व्यक्तिहरु मध्येबाट एक महिला सहित दुई जना - सदस्य

(छ) कार्यालयको बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण हेर्ने शाखा/डेक्स/इकाईका प्रमुख - सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (च) बमोजिम मनोनीत सदस्यको पदावधि बढीमा दुई वर्षको हुनेछ र निज एक अवधिको लागि पुनः मनोनीत हुन सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपभोक्ताको हकहित विरुद्धको कुनै काम गरेमा वा समितिको काम, कर्तव्य र अधिकार विपरित हुने गरी काम गरेमा समित्िले त्यस्तो सदस्यलाई जुनसुकै बखत सदस्य पदबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम त्यस्तो पदबाट हटाउनु अघि सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

(६) समितिका अध्यक्ष तथा सदस्यले नगरपालिकाले तोकिदिए बमोजिमको बैठक भत्ता पाउनेछन् ।

३६. **बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) स्थानीय व्यापार व्यवस्थापन,बस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति,कानून, मापदण्ड नीतिको निर्माणकालागि नगरकार्यपालिकालाई सुझाव दिने ।

(ख) नगरकार्यपालिकाबाट पारित ऐन निति नियमहरुको कार्यान्वयन सम्वन्धि नियमन गर्ने ।

(ख) बजार तथा हाट बजार व्यबस्थापन गर्ने गराउने ।

(ग) स्थानीय बस्तुहरुको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन गर्ने गराउने ।

(घ) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्धारण गर्ने गराउने ।

(ङ) स्थानीय बस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन गर्ने गराउने ।

(च) स्थानीय स्तरका व्यापारिक फर्मको दर्ता, अनुमति,नकीकरण, खारेजी अनुगमन र नियमन गर्ने गराउने

(छ) स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान गर्ने गराउने ।

(ज) नीजि तथा गैरसरकारी क्षेत्रसंग समन्वय र सहकार्य गर्ने ।

(झ) स्थानीय व्यापार प्रबर्धन, सहजीकरण र नियमन गर्ने ।

(ञ) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रबर्धन र अभिलेखाङ्कन गर्ने

(ट) उपभोक्ता सचेतना अभिबृद्धि गर्ने गराउने ।

(ठ) लक्षित उपभोक्ताको लगत व्यबस्थापन गर्ने ।

(ड) स्थानीय बस्तु तथा सेवाको गुणस्तर परीक्षण गर्ने गराउने ।

(ढ) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने किसिमका उपभोग्य बस्तुको बेचबिखन र उपभोगमाथि नियन्त्रण गर्ने ।

(ण) उपभोक्तालाई उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा सुरक्षित गराउन त्यस्ता वस्तु वा सेवाको गुणस्तरका सम्बन्धमा जानकारी गराउन उपभोक्ताको हक,हित सम्बन्धी सूचना प्रचार प्रसार गर्ने,गराउने ।

(ट) उपभोक्तालाई उपभोग्य वस्तु वा सेवाको मूल्य, गुण, परिमाण, शुद्धता तथा अनुचित व्यापारिक क्रियाकलापका सम्बन्धमा सूचित गर्ने वा गराउने ।

(ड) उपभोक्ताको हक हित संरक्षण गर्ने सम्बन्धमा अनुसन्धान गर्ने वा गराउने ।

(ढ) उपभोक्ताको हक हित संरक्षण सम्बन्धमा भइरहेका नीतिमा संशोधन गर्ने वा परिमार्जन गर्ने वा नयाँ नीति बनाउने सम्बन्धमा नगर कार्यपालिलाई आवश्यक सुझाब दिने ।

(ण) उपभोक्ताको हक हित संरक्षण सम्बन्धी स्थानिय, प्रदेशस्तर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सूचना अद्यावधिक राख्ने तथा राख्न लगाउने ।

(छ) बजार व्यवस्थापन,बजारको आपुर्ति विश्लेषण तथा उपभोक्ताका अधिकारको संरक्षण सम्वन्धमा अनुगमन गर्ने वा गराउने ।

(ज) उपभोक्ता शिक्षालाई विद्यालय शिक्षाको पाठ्यक्रममा समावेश गर्नको लागि आवश्यक व्यवस्था गर्ने नगर कार्यपालिकालाई सुझाव दिने ।

(ञ) नगरवासीको खाद्यान्न इन्धन, पानी, यातायात र वातावरणको सुरक्षाका लागि आवश्यक नीतिगत व्यवस्थाका लागि नगर कार्यपालिकालाई सुझाव दिने ।

(ञ) बजार व्यवस्थापन तथा उपभोक्ता हकहितसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ वा संस्थासंग सहकार्य गर्न आवश्यक नीति तर्जका लागि नगर कार्यपालिकामा सुझाव दिने ।

(ट) बजार व्यवस्थापन,आपुर्ति व्यवस्थापन तथा उपभोक्ताको अधिकार संरक्षण तथा सम्वर्द्धन गर्न आवश्यकता अनुसार बजार अनुगमन टोली, बजार विश्लेषण तथा अनुगमन समिति, नगर प्रहरीलाई निर्देशन दिने ।

(ठ) आवश्यकता अनुसार उपसमिति गठन गर्ने ।

(ड) नगर कार्यपालिकाले तोकिदिए बमोजिमका अन्य काम गर्ने वा गराउने ।

**३७. समितिको बैठक:**

(१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठक कम्तीमा महिनामा एकपटक पटक बस्नेछ ।

(३) समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढीसदस्य उपस्थित भएमा समितिको बैठककालागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा सदस्य मध्येबाट निजले छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद–७
## बजार अनुगमन सम्बन्धी व्यवस्था

**३८. बजार अनुगमन टोली गठन :**

(१) वस्तु वा सेवा प्रदायक व्यवसायको दर्ता, नविकरण, आपुर्ति, मुल्य, नापतौल, विज्ञापन लगायत व्यापारिक क्रियाकलापको नियमित एंव आकस्मिक अनुगमनको लागि नगरपालिकाले बजार अनुगमन टोली गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने अनुगमन टोलीमा देहाय बमोजिमको पदाधिकारीहरु रहनेछन:

(क) कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा/इकाई/डेक्कको प्रमुख - संयोजक

(ख) निरिक्षण अधिकृत - सदस्य

(ग) सम्बन्धित विषयगत क्षेत्रको प्रतिनिधि (उपलब्ध भएसम्म) - सदस्य

(ग) स्थानीय प्रशासनको प्रतिनिधि (उपलब्ध भएसम्म) - सदस्य

(घ) स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि - सदस्य

(ङ) उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा व्यक्तिहरु मध्येबाट

मनोनित एक जना - सदस्य.

(च) उद्योग वाणिज्य संघको प्रतिनिधि (उपलब्ध भएसम्म) एक जना सदस्य - सदस्य

(छ) पत्रकार महासंघ/संचारकर्मी एक जना - सदस्य

(३) अनुगमन टोलीमा कम्तीमा ५ जना प्रतिनिधि संलग्न भइ बजार अनुगमन सम्बन्धी कार्य गरिने छ । अनुगमन गर्न जाँदा सम्वन्धि वडाको प्रमुख/प्रतिनिधिलाई आमन्त्रण गरिनेछ । कुनै विषयगत क्षेत्रको अनुगमन गर्ने कार्यमा सम्बन्धित विषयगत क्षेत्रको विज्ञ/प्रतिनिधी अनिवार्य रुपमा समावेश गराउनु पर्ने छ । ( बिषयगत बिज्ञ वा प्रतिनिधी भन्नाले जस्तै खाद्य वा कृषि उपजको लागि खाद्य निरीक्षक वा उपलब्ध नभएमा कृषि प्राविधिक बुझिने छ ।)

(४) बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण हेर्ने शाखा वा इकाइले मासिक रुपमा तोकिएको ढाँचामा बजार अनुगमनको एकीकृत प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

**३९. बजार अनुगमन टोलीको काम, कर्तव्य र अधिकारः**

दफा ३८ (१) बमोजिम गठित बजार अनुगमन टोलीले प्रचलित कानुन बमोजिम देहाय अनुसारका कार्यहरू गर्नुपर्नेछः

(क) बजार अनुगमनको पूर्व कार्य योजना र मासिक अनुगमन कार्यतालिका बनाई स्वीकृतीको लागि समितिमा पेश गर्ने,

(ख) स्वीकृत कार्ययोजना बमोजिम नियमित रूपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,

(ग) वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको अनुगमन गर्ने,

(घ) कालोबजारी, एकाधिकार (सिन्डिकेट), मिलेमत्तोपूर्ण भाउ निर्धारण (कार्टेलिङ्ग), कृत्रिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए/ नभएको अनुगमन गर्ने,

(ङ) कुनै वस्तुको अनुचित व्यापारिक कियाकलाप (मिसावट/गुणस्तरहीन) कम तौल भएको देखिएमा/भेटिएमा आवश्यकता अनुसार त्यस्ता वस्तु जफत गर्ने, नष्ट गर्ने, जरिवाना गर्ने, कारोवार रोक्का गर्ने वा बन्द गर्ने लगायतका कार्य गर्ने,

(च) बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिबाट समय-समयमा दिइएका निर्देशन एवं आदेश बमोजिमका कामहरू गर्ने ।

(छ) बजार थप व्यवस्थित गर्न कार्ययोजना बनाई नगरपालिकामा पेश गर्ने

(छ) अनुगमन संपन्न भएपछि बजार अनुगमन प्रतिवेदन सोही दिन कार्यालयमा पेश गर्नु पर्नेछ ।

**४०. बजार अनुगमन कार्यविधिः**

(१) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा अनुसूची ३ मा उल्लेखित दैनिक बजार अनुगमन फारम प्रयोग गरी निम्न विषयमा विशेष ध्यान दिनु पर्नेछः

(क) बिक्रेता वा सेवा प्रदायकले नियामक निकायबाट कानुन बमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाण-पत्र, स्थायी लेखा नम्बर (एब्ल) को प्रमाण-पत्र, खाद्य अनुज्ञा-पत्र, औषधी पसल दर्ता प्रमाण-पत्र लगायतका आवश्यक कागजातहरु लिएको छ/छैन हेर्ने । साथै प्रमाणपत्र नियमिति रुपमा नवकरण भए/नभएको हेर्ने । प्रमाणपत्र नलिएको वा नवीकरण गरेको नदेखिएमा बढीमा ७ दिन भित्र सो कार्य गरी कार्यालयमा पेश गर्न लिखित निर्देशन दिने ।

(ख) बिक्रेता वा सेवा प्रदायकले आफ्नो व्यवसायको साइनबोर्ड राखेको छ/छैन हेर्ने । नराखेको भए ३ दिनभित्रमा राखी कार्यालयमा जानकारी दिन लिखित निर्देशन दिने ।

(ग) प्रदायकले वस्तुको विक्रीकक्षमा मूल्य सूची राखेको छ /छैन हेर्ने । नराखेको भए ३ दिन भित्रमा राखी नगरपालिकामा सो को जानकारी दिन लिखित निर्देशन दिने ।

(घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठीक छ /छैन हेर्ने,

(ङ) प्याकेजिङ्ग गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको छ/छैन हेर्ने,

(च) औषधी वा औषधीयुक्त पदार्थ भए सोको प्याकिङ्ग प्रयोग गर्ने तरिका उल्लेख छ/छैन हेर्ने । औषधीविज्ञ (फार्मासिष्ट) औषधी बिक्री स्थलमा भए/नभएको एवं औषधी विक्रेता प्रमाणपत्र समेत हेर्ने ।

(छ) उपभोग्य मिति नाघेको औषधी, प्रशोधित पानी, विस्कुट,पाउरोटी लगायतका खाद्य तथा उपभोग्य वस्तुहरू फेला परेमा नष्ट गर्ने,

(ज) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ्ग वा छपाई गरेको छ/छैन हेर्ने । पुनः लेबलिङ्ग वा छपाई गरेको पाइएमा त्यस्तो वस्तु जफत गर्ने, वस्तुको प्रकृति अनुसार मुचुल्का गरी नष्ट गर्ने,

(झ) माछामासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी र होटल बधशाला वा माछा मासु विक्रीस्थल सफासुग्घर र मापदण्ड अनुसार छ/छैन हेर्ने । नभएमा कसुरको प्रकृति अनुसार सजग गराउने वा चेतावनी दिने तथा अटेरी गरेमा तोकिए बमोजिम दण्ड जरीवाना गर्ने,

(ञ) विक्रेताले क्रेतालाई वस्तुको विलविजक जारी गरेको छ/छैन हेर्ने । विल अनिवार्य गर्न निर्देशन दिने ।

(२) यस ऐन तथा अन्य ऐन वमोजिम नगरपालिकाले वजार व्यस्थापन तथा उपभोक्ता हित संरक्षण सम्वन्धमा भएका उपभोक्ता अधिकार स्वच्छ बजार सम्वन्धी व्यवस्थाहरुको कार्यान्वयनका लागि अनुगमन टोलीले नियमित वा आकस्मिक अनुगमन गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको बजार अनुगमन टोलीले कुनै वस्तु वा सेवाको गुणस्तर, परिमाण, मूल्य निर्धारण प्रक्रियाको सम्बन्धमा जानकारी लिन वा सोधपुछ गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको बजार अनुगमन टोलीले उपदफा (३) बमोजिम जानकारी लिदा वा सोधपुछको सिलसिलामा सम्बन्धित उत्पादक वा बिक्रेतासंग आवश्यक कागजात तथा प्रमाण माग गर्न सक्नेछ र त्यस्तो कागजात वा प्रमाण पेश गर्नु सम्बन्धित उत्पादक वा बिक्रेताको कर्तव्य हुनेछ ।

(५) उपदफा (१) बमोजिमको बजार अनुगमन टोलीले प्रचलित ऐन बमोजिम निरीक्षण अधिकृतलाई भएको सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिमको अनुगमन टोलीले बजार अनुगमन तथा निरीक्षण गर्दा तोकिए बमोजिमको बजार अनुगमन तथा निरीक्षण फारमको प्रयोग गर्नेछ ।

(७) अनुगमन टोलीले अनुगमन गर्दा त्रुटी फेला परेमा तत्काल टोलीलाई कारवाही गर्न सक्ने कुराहरुमा कारवाही गरि सो को प्रतिवेदन सहित थप कारवाहीका लागि सम्वन्धित निकायमा सिफारिस गर्नुपर्नेछ ।

४१. **निरीक्षण अधिकृत नियुक्त गर्न वा तोक्न सक्नेः**

(१) उपभोक्तालाई उचित मूल्यमा गुणस्तरयुक्त उपभोग्य वस्तु वा सेवा सरल एवं सहज रूपमा उपलब्ध गराउने कार्यको अनुगमन गर्न नगरपालिकाले योग्यता पुगेको व्यक्तिलाई निरीक्षण अधिकृत नियुक्त गर्न वा सो कामगर्न कुनै अधिकृतलाई तोक्न सक्नेछ ।

४२. **निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकारः**

(१) नगरपालिका भित्रको कुनै ठाउंम असुरक्षित, प्रतिकूल, असरयुक्त वा गुणस्तरहीन बस्तुको उत्पादन वा बिकी वितरण भइरहेको वा सेवा प्रदान गरेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै काम कारवाही भइरहेको छ भन्ने विश्वास हुने मनासिव कारण भएमा निरीक्षण अधिकृतले त्यस्तो ठाउंमा आवश्यकता अनुसार जुनसुकै बखत प्रवेश गरी निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न, त्यस्तो काम गर्ने व्यक्तिलाई पक्राउ गर्न र मुद्दा हेर्ने अधिकारीको अनुमतिले अनुसन्धानकोलागि सात दिनसम्म थुनामा राख्न सक्नेछ ।

(२) दफा (१) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासीका क्रममा बस्तुको उत्पादक,पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता, सेवा प्रदायक, वा सम्बन्धित अन्य व्यक्तिसँग आवश्यक विवरण वा जानकारी वा बयान लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासु गर्दा असुरक्षित, असरयुक्त वा गुणस्तर नभएको बस्तुको उत्पादन वा बिक्री वितरण भइरहेको वा सेवा प्रदान गरेको वा यस ऐन अन्तर्गत बनेको नियम विपरित काम कारवाही भइरहेको देखिएमा निरीक्षण अधिकृतले त्यस्तो बस्तुको तोकिए बमोजिम नमुना लिई तोकिएको अवधिकोलागि त्यस्तोबस्तुको उत्पादन वा बिक्री वितरण गर्न वा सेवा प्रदान गर्न रोक लगाउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम बजार निरीक्षण वा जाँचबुझ गर्ने प्रयोजनकोलागि तोकिए बमोजिम बस्तुको वा सेवाको परीक्षण सूची तयार गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको परीक्षण सूची अनुसार भएको नपाइएमा निरीक्षण अधिकृतले त्यस्तो बस्तुको बिक्री वितरणमा रोक लगाई तत्काल दफा ४७ बमोजिम जरीवाना गर्न सक्नेछ ।

(६) उपदफा (२) बमोजिम निरिक्षण अधिकृतले गरेको काम कारवाही सम्बन्धी प्रतिवेदन सात दिन भित्र नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको प्रतिवेदनमा उपदफा (५) बमोजिम जरिवाना

गरिएको भए त्यस्तो विवरण समेत उल्लेख गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(८) निरीक्षण अधिकृतले निर्रीक्षण वा जाँचबुझको सिलसिलामा उत्पादक वा बिक्रेतालाई तत्काल कुनै आदेश दिन उपयुक्त देखेमा त्यस्तो आदेश दिन वा उपयुक्त सम्झेको कार्य गर्न सक्नेछ ।

(९) निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(१०) निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा कुनै उत्पादक, बिक्रेता विरुद्ध कुनै कानुनी कारवाही हुनुपर्ने देखेमा त्यसको विवरण समेत प्रतिवेदनमा उल्लेख गरी नगरपालिकामा वा आवश्यक परे कारण सहित अन्य सम्बन्धित निकायमा पठाउन सक्नेछ ।

(११) निरीक्षण अधिकृतको अन्य काम,कर्तव्य र अधिकार तथा निरीक्षण अधिकृतले दिएको प्रतिवेदन कार्यान्वयन सम्बन्धी व्यवस्था ताोकिए बसमोजिम हुनेछ ।

४३. **जाँचबुझ वा निरीक्षण गर्न सक्नेः**

(१) कुनै ठाउँमा असुरक्षित, असरयुक्त वा गुणस्तरहीन उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण भइरहेको वा सेवा प्रदान गरेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम कामकारबाही भइरहेकोछ भन्ने विश्वास हुने मनासिब कारण भएमा अनुगमन टोलीले त्यस्तो ठाउँमा आवश्यकता अनुसार जुनसुकै बखत प्रवेश गरी निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासीका क्रममा उपभोग्य वस्तुको उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, संचयकर्ता, बिक्रेता, सेवा प्रदायक वा सम्बन्धित अन्य व्यक्तिसँग आवश्यक विवरण वा जानकारी वा बयान लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा असुरक्षित, असरयुक्त वा गुणस्तर नभएको उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण भइरहेको वा सेवा प्रदान गरेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत काम कारबाही भइरहेको देखिएमा निरीक्षण अधिकृतले त्यस्तो उपभोग्य वस्तुको तोकिए बमोजिम नमूना लिई तोकिएको अवधिको लागि त्यस्तो उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण गर्न वा सेवा प्रदान गर्न रोक लगाउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम बजार निरीक्षण वा जाँचबुझ गर्ने प्रयोजनको लागि

तोकिए बमोजिम वस्तु वा सेवाको परीक्षण सूची तयार गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको परीक्षण सूची अनुसार भएको नपाइएमा निरीक्षण अधिकृतले त्यस्तो वस्तुको बिक्री वितरणमा रोक लगाई तत्काल दफा ४७ बमोजिम जरिवाना गर्न सक्नेछ ।

(६) उपदफा (२) बमोजिम निरीक्षण अधिकृतले गरेको काम कारवाही सम्बन्धी प्रतिवेदन सात दिनभित्र नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको प्रतिवेदनमा उपदफा (५) बमोजिम जरिवाना गरिएको भए त्यस्तो विवरण समेत उल्लेख गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(८) निरीक्षण अधिकृतले निरीक्षण वा जाँचबुझको सिलसिलामा उत्पादक वा विक्रेतालाई तत्काल कुनै आदेश दिन उपयुक्त देखिएमा त्यस्तो आदेश दिन वा उपयुक्त सम्झेको अन्य कार्य गर्न सक्नेछ ।

(९) निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा अपनाउनु पर्ने विधि कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

(१०) निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा कुनै उत्पादक, विक्रेता, विरुद्ध कुनै कानूनी कारबाही हुनु पर्ने देखेमा त्यसको विवरण समेत प्रतिवेदनमा उल्लेख गरी नगरपालिकामा वा आवश्यक परे कारण सहित अन्य सम्बन्धित निकायमा पठाउन सक्नेछ ।

(११) निरीक्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तथा निरीक्षण अधिकृतले दिएको प्रतिवेदन कार्यान्वयन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४४. **उपभोग्य वस्तुको परीक्षणः**

(१) निरीक्षण अधिकृतले दफा ३४ को उपदफा (३) बमोजिम लिएको उपभोग्य वस्तुको नमुना परिक्षणको लागि लिएको भए तुरुन्त सडी गली जाने वस्तु भए तत्काल र अन्य वस्तु भए त्यस्तो नमूना लिएको मितिले चौबीस घण्टाभित्र नेपाल सरकारको प्रयोगशाला वा नेपाल सरकारले मान्यता दिएको प्रयोगशालामा पठाउनु पर्नेछ ।

(२) निरीक्षण अधिकृतले नमूना परीक्षण गराउन उपदफा (१) बमोजिमको प्रयोगशालामा पठाउदा संकेत नम्बर दिई पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रयोगशालामा वस्तु परीक्षण गर्दा झुट्ठा परिणाम दिएमा वा लापरवाही गरेको पाइएमा त्यस्तो कर्मचारीलाई कानून बमोजिम विभागीय कारवाही हुनेछ ।

४५. **कमसल उपभोग्य वस्तु जफत हुने वा नष्ट गरिनेः**

(१) दफा ३५ बमोजिम परीक्षणको लागि पठाइएको उपभोग्य वस्तुको नमूना प्रयोगशालामा परीक्षण हुँदा उपभोग्य वस्तु तोकिएको मापदण्ड बमोजिम गुणस्तर नभएको ठहरिएमा त्यस्तो वस्तु जफत गरिनेछ र आवश्यकतानुसार त्यस्तो वस्तु तोकिए बमोजिम नष्ट गरिनेछ ।

(२) उपदफा (१) बमोजिम वस्तुको जफत गरी नष्ट गरिएकोमा त्यस्तो वस्तु जफत वा नष्ट गर्दाको खर्च सम्बन्धित उत्पादक वा विक्रेताले व्यहोर्नं पर्नेछ ।

**४६. सूचना चुहाउनेलाई कारबाहीः**

(१) दफा.... बमोजिम हुने आकस्मिक निरीक्षण वा नियमित रुपमा हुने अनुगमनको सूचना त्यस्तो निरीक्षण वा अनुगमन नहुँदै चुहावट गर्ने राष्ट्रसेवकलाई विभागीय कारवाही हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यमा संलग्न गराइएका उपभोक्ता संघसंस्थाबाट प्रतिनिधित्व गरेका प्रतिनिधिबाट चुहावट भएमा त्यस्तो प्रतिनिधि वा संस्थालाई विगो खुलेकोमा विगो बमोजिम र विगो नखुलेकोमा पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो संस्थालाई तीन वर्षसम्म कालोसूचीमा समावेश गरिनेछ ।

**४७. तत्काल जरिवाना गर्न सक्नेः**

(१) दफा ५३ मा जुनसुकै कुरा लेखिएको भए तापनि बजार अनुगमन वा निरीक्षण वा जाँचवुझ वा खानतलासीको क्रममा तत्काल प्राप्त प्रमाणबाट उपभोग्य वस्तुको उत्पादक, ढुवानीकर्ता, संचयकर्ता, पैठारीकर्ता, विक्रेता वा सेवा प्रदायकले देहायको कुनै कार्य गरेको देखिएमा निजलाई तत्काल बजार अनुगमन टोली वा निरीक्षण अधिकृतले देहाय बमोजिम जरिवाना गर्न सक्नेछः-

(क) बिलबिजक नराखेको कसुरमा पांच हजारदेखि बीस हजार सम्म ।

(ख) अनुचित व्यापारिक क्रियाकलाप गर्ने वा गराउने कसुर गरेमा पचास हजारदेखि एकलाख सम्म ।

(ग) कार्टेलिङ्ग गरेमा,कृत्रिम अभाव सृजना गरेमा वा सिन्डिकेट लगाउने, सो गर्न उक्साउने कसुर गरेमा बीस हजारदेखि पचास हजार सम्म ।

(घ) दफा ३४ को कसुर गरेमा बीस हजारदेखि पचास हजार सम्म ।

(ङ) दफा ५९ बमोजिमको अनुगमन टोलीलाई जांचबुझ अनुगमनमा

सहयोग नगरेमा बिस हजार सम्म ।

(२) उपदफा (१) बमोजिमको कार्य पटक पटक गरेमा पटकै पिच्छे दोब्बर जरिवाना हुनेछ ।

(३) बजार अनुगमन टोलीले यस दफा बमोजिम तत्काल जरिवाना गर्नुपर्नाको कारण र जरिवाना गरेको रकम लगायतका सम्पूर्ण विवरण खोली तिन दिनभित्र नगरपालिकालाई त्यसको जानकारी गराउनु पर्नेछ ।

(४) बजार अनुगमन टोलीलले तत्काल जरिवाना गर्ने सम्बन्धमा अपनाउनु पर्ने अन्य कार्यविधि र जरिवाना अंक तोकिए बमोजिम हुनेछ ।

(५) यस दफा बमोजिम बजार अनुगमन टोली वा निरीक्षण अधिकृतले गरेको निर्णय उपर नगरपालिकाको न्यायिक समिति वा सम्बन्धित अदालतमा पुनरावेदन लाग्नेछ ।

## परिच्छेद ८
## उजुरी सम्बन्धी व्यवस्था

**४८. उजुरी दिन सक्नेः**

(१) कुनै वस्तु वा सेवाको विक्रेता वा प्रदायकले उपभोक्ताको हित विपरित व्यापारिक क्रियाकलाप गरेको भनि कुनै पनि व्यक्तिले बजार व्यवस्थापन तथा उपभोत्ता हित संरक्षण समिति वा बजार अनुगमन टोली वा निरीक्षण अधिकृत वा कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा/इकाई/डेक्समा मौखिक वा लिखित सूचना वा उजुरी दिन सक्ने,

(२) उपदफा (१) बमोजिम उजूरी दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा त्यस्तो व्यक्तिको नाम गोप्य राख्नु पर्नेछ ।

(३) उजूरी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(क) उपदफा (क) बमोजिमको निकायले उजुरी वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रूपमा ग्रहण गरिने छ,

(ख) उपदफा (क) वा (ख) बमोजिमको उजुरी वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखि आएमा सो समेतलाई उजुरीको रूपमा ग्रहण गरी बजार अनुगमन टोलीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ,

(ग) उपदफा (ग) बमोजिम अनुगमन तथा निरिक्षण गर्दा विक्रेता वा सेवा

प्रदायकले प्रचलित कानुन वा मापदण्ड विपरित व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारवाही चलाई सो सम्वन्धी जानकारी उजुरीकर्तालाई गराउनुपर्नेछ,

(घ) उपदफा (घ) बमोजिम अनुगमन टोलीले गरेको काम कारवाहीमा चित्त नबुझेमा विक्रेताले प्रचलित कानुन बमोजिम नगरपालिकाको उपप्रमुख समक्ष लिखित रुपमा उजुरी दिन सक्नेछ,।

## परिच्छेद ९
## कसूर र सजाय सम्बन्धी व्यवस्था

**४९. कसूर गरेको मानिने:**

कसैले देहायको काम कारबाही गरे वा गराएमा यस ऐन अर्न्तगतको कसूर गरेको मानिनेछ:

(क) दफा १९ बमोजिम लेवलिङ्ग नगरेमा वा लेवलमा झुट्टा कुरा उल्लेख गरेमा,

(ख) दफा २०,२१,२२,२३,२४ वा २५ बमोजिम क्रमशः उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, संचयकर्ता, विक्रेता वा सेवा प्रदायकले आफ्नो दायित्व पूरा नगरेमा वा दायित्वको उल्लंघन हुने काम गरेमा,

(ग) दफा २७ बमोजिम विक्रेताले तोकेको अवधिभित्र सामान फिर्ता नलिएमा वा त्यस्तो मूल्य बराबरको सामान सट्टा नदिएमा,

(घ) दफा २८ बमोजिम बील विजक नराखेमा,

(ङ) दफा २९ को उपदफा (२) को खण्ड (क), (छ), (ञ) र (ठ) बमोजिमको अनुचित व्यापारिक क्रियाकलाप गरे वा गराएमा,

(च) दफा २९ को उपदफा (२) को खण्ड (ख), (ग), (घ), (ङ), (च), (ज), (झ), (ट), (ढ), (ण), (ड) र (त) बमोजिमको अनुचित व्यापारिक क्रियाकलाप गरे वा गराएमा,

(छ) दफा ३० को उपदफा (१), उपदफा (२) को खण्ड (क) बमोजिमको माग, आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्ने काम गरे वा गराएमा,

(ज) दफा ३० को उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिमको काम गरे वा गराएमा,

(झ) दफा ३१ बमोजिमको काम गरे वा गराएमा,

(ञ) दफा ३२ बमोजिम स्वच्छ बजार वा स्वच्छ प्रतिस्पर्धामा अवरोध पुऱ्याउने काम गरे वा गराएमा,

(ट) दफा ३३ को उपदफा (१) विपरित नेपाल सरकारले तोकेको मूल्यभन्दा बढी हुने गरी बिक्री गरे वा गराएमा,

(ठ) दफा ३४ को उपदफा (१) र (२) बमोजिमको काम नगरेमा,

(ड) दफा ३० को उपदफा (२) बमोजिम वस्तु वा सेवाको मूल्य निर्धारण सम्बन्धी मापदण्ड विपरित वस्तु वा सेवाको बिक्री गरेमा,

(ढ) यस ऐनको दफा ३८ बमोजिम गठित अनुगमन टोलीले जाँचबुझ, निरीक्षण वा अनुगमन गर्ने क्रममा दफा ४२ बमोजिमको कार्यमा सहयोग नगरेमा ।

**५०. दण्ड सजाय :**

(१) स्थानीय सरकार संचालन ऐन, २०७४ तथा यस ऐनमा व्यवस्था भएकोमा यसै वमोजिम र अन्यथा उपभोक्ता हित संरक्षण ऐन नियम, खाद्य ऐन नियम, औषधी विक्री वितरण सम्बन्धी ऐन, कालो बजारी तथा अन्य केही सामाजिक अपराध तथा सजाय ऐन, मासु जाँच ऐन, लगायतका प्रचलित ऐन कानूनको अधिनमा रही बजार अनुगमनबाट दोषी पाइएका उत्पादक, आयातकर्ता व्यवसायीलाई बुढानिलकण्ठ नगरपालिकाको न्यायिक समितिबाट कानुनी कारवाही र दण्ड सजाय गर्नेछ। सो कानुनी कारवाही वा दण्ड सजाय उपर चित्त नबुझेमा जिल्ला अदालत वा उपभोक्ता अदालतमा पुनरावेदन गर्न सकिने छ ।

(२) कसैले यस ऐन अन्तर्गत कसूर मानिने कुनै काम गरे वा गराएमा कसूरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछः

(क) दफा ४९ को खण्ड (क) र (ग) विपरित काम गर्ने वा गराउनेलाई एक वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(ख) दफा ४९को खण्ड (ख) विपरित काम गर्ने वा गराउनेलाई तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(ग) दफा ४९ को खण्ड (च) विपरित काम गर्ने वा गराउनेलाई पाँच वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(घ) दफा ४९ को खण्ड (छ) विपरित काम गर्ने वा गराउनेलाई

तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(ङ) दफा ४९को खण्ड (झ) विपरित काम गर्ने वा गराउनेलाई तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(च) दफा ४९ को खण्ड (ञ) विपरित काम गर्ने वा गराउनेलाई पाँच वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय ।

(२) उपदफा (१) बमोजिमका काम बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम कारबाही गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

## परिच्छेद–१०

**५१. उपभोक्ता कोष सम्बन्धी व्यवस्था कोषको स्थापनाः**

(१) नगरपालिकाले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न, उपभोक्ताको अधिकार संरक्षण गर्न, उपभोक्ता शिक्षा वा अन्य प्रबर्द्धनात्मक कार्यकोलागि एउटा छुट्टै कोषको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्ः-

(क) संध तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट सहयोग वा ऋृण स्वरुप प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमकुनै रकम प्राप्त गर्दा नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) उपभोक्ता कोषको रकम कुनै ‘क’ वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–११

## क्षतिपूर्ति सम्बन्धी व्यवस्था

**५२. क्षतिपूर्तिको दाबी गर्न सक्नेः**

यस ऐन विपरीत उपभोग्य वस्तु वा सेवाबिक्री वितरण वा प्रदान गरेको कारणबाट कुनै उपभोक्तालाई शारीरिक, मानसिक, आर्थिक, भौतिक वा अन्य किसिमको हानी नोक्सानी हुन गएमा वा त्रुटिपूर्ण उत्पादनको कारणबाट क्षति पुग्न गएमा उपभोक्ता स्वयंले वा निजको तर्फबाट कुनै उपभोक्ता संस्थाले वा उपभोक्ता असक्षम भएमा वा निजको मृत्यु भइसकेको अवस्थामा त्यस्तो उपभोक्ताको हकवालाले त्यस्तो उपभोग्य वस्तु वा सेवा उत्पादन, पैठारी, संचय, ढुवानी, बिक्री वितरण वा प्रदान गर्ने जुन व्यक्तिको कारणबाट त्यस्तो हानी नोक्सानी भएको हो सोही व्यक्तिबाट क्षतिपूर्ति भराई पाउँ भनी उपभोक्ता अदालत समक्ष त्यसरी हानी नोक्सानी पुगेको मितिले छ महिना भित्र उजूरी गर्न सक्नेछ ।

**५३. क्षतिपूर्ति प्रदान गर्नुपर्नेः**

दफा ५२ बमोजिम क्षतिपूर्तिको निमित्त परेको उजूरी उपर छानविन गर्दा उपभोक्तालाई हानी नोक्सानी पुग्न गएको ठहर गरेमा उपभोक्तालाई पुगेको हानी नोक्सानीको आधारमा सम्बन्धित उत्पादक, पैठारीकर्ता, संचयकर्ता, ढुवानीकर्ता, वितरक वा विक्रेताबाट क्षतिपूर्ति वापतको रकम उपभोक्ता वा निजको मृत्यु भइसकेको भए कानून बमोजिमको हकवालालाई भराइ दिनेछ ।

**५४. क्षतिपूर्तिको मापदण्ड निर्धारण गर्ने :**

अदालतले दफा ५४ बमोजिम क्षतिपूर्ति वापत उपभोक्ताले पाउने रकम निर्धारण गर्दा देहायका कुरालाई ध्यानमा राखी निर्धारण गर्नु पर्नेछः

(क) पीडित व्यक्तिलाई पर्न गएको शारीरिक वा मानसिक कष्ट वा पीडा र त्यसको गम्भीरता,

(ख) उपचार हुनसक्ने किसिमको क्षति भएकोमा उपचार गराउन लाग्ने अनुमानित खर्च,

(ग) शारीरिक वा मानसिक क्षतिको कारण पीडित व्यक्तिको आय आर्जन गर्नेक्षमतामा हुन गएको ह्रास,

(घ) उपचार हुन नसक्ने किसिमको शारीरिक वा मानसिक क्षति पुगेकोमा पीडित व्यक्तिको उमेर र निजको पारिवारिक दायित्व,

(ङ) पिडितको मृत्यु भएकोमा निजको आम्दानीमा आश्रित निजको परिवारका

सदस्यहरुको संख्या र निजहरुको जीविकोपार्जनको निमित्त आवश्यक पर्ने न्यूनतम खर्च,

(च) पीडित व्यक्तिले दाबी गरेका कुरामध्ये उचित र उपयुक्त देखिएका अन्य कुरा ।

## परिच्छेद – १२
## विविध

**५५. उपभोक्ता संघसंस्था सूचीकृत हुनुपर्नेः**

(१) उपभोक्ताको हक हित संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा कार्यरत प्रचलित कानून बमोजिम स्थापित उपभोक्ता संघ वा संस्थालाई नगरपालिमा सूचीकृत हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विभागमा सूचीकृत हुन संघ वा संस्थाको विधान, कार्यक्षेत्र, पदाधिकारीको विवरण समेत संलग्न गरी निवेदन दिनु पर्नेछ ।

(३) यस दफा बमोजिम सूचिकृत भएका संघ वा संस्थाले आफ्नो कार्यक्रम सम्बन्धी जानकारी नियमित रुपमा स्थानीय तहमा भए यस ऐनको दफा ३५ बमोजिम गठित समितिमा र केन्द्रमा भए संघीय सरकारले जारी गरेको उपभोक्ता संरक्षण ऐन,२०७५को दफा २५ बमोजिम गठित केन्द्रीय अनुगमन समितिमा दिनु पर्नेछ ।

**५६. अत्यावश्यक वस्तु वा सेवा सुपथ मूल्यमा उपलब्ध गराउनेः**

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समयसमयमा अत्यावश्यक अत्यावश्यक खाद्य,अन्य उपभोग्य वस्तु वा सेवाको सूची निर्धारण गरेको सेवा वा वस्तु बिक्री गर्नकालागि नगरपालिकाले दफा ३३ बमोजिम अत्यावश्यक खाद्य वा अन्य वस्तु वा सेवाको अधिकतम मूल्य निर्धारण गरी निर्धारित मूल्यमा उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

**५७. उपभोक्ता शिक्षा बारे पाठ्यक्रममा समावेश गराउनेः**

(१) उपभोक्तालाई उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा सूसुचित गराउनको लागि के कस्तो उपभोग्य वस्तु वा सेवा उपभोग गर्न हुने र गुणस्तर नभएका उपभोग्य वस्तु वा सेवा प्रयोग गर्दा सोबाट पर्न सक्ने प्रभाव आदिका सम्बन्धमा जानकारी गराउनको लागि उपभोक्ता शिक्षा सम्बन्धी आवश्यक

शैक्षिक पाठ्यक्रम नगरपालिकाले तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको पाठ्यक्रम नगरपालिकाले शिक्षा मन्त्रालयसँग समन्वय गरी विभिन्न तहका विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रममा समावेश गराउन आवश्यक व्यवस्था गर्नेछ ।

**५८. बजार अनुगमन टोलीलाई तालिम दिनु पर्नेः**

नगरपालिकाले यस ऐन बमोजिमको कसूरको अनुगमन, अनुसन्धान तहकिकात प्रक्रिया सम्बन्धी सैद्धान्तिक एवं व्यावहारिक जानकारी दिनको लागि बजार अनुगमन टोलीको सदस्य तथा निरीक्षण अधिकृतलाई अनुसन्धान, तहकिकात र अभियोजन सम्बन्धी विषयको तालिम दिन आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

**५९. सहयोग गर्नु पर्नेः**

यस ऐन बमोजिम जाचँबुझ, अनुगमन वा निरीक्षण गर्ने क्रममा आवश्यकता अनुसार त्यस्तो जाँचबुझ, अनुगमन वा निरीक्षण गर्ने अधिकारी वा यस ऐन बमोजिम खटाइएको व्यक्ति, टोली वा निरीक्षण अधिकृतलाई आवश्यक सहयोग पुऱ्याउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**६०. व्यवसायी संस्थाको दायित्वः**

(१) कुनै व्यवसायिक संस्थाले यो ऐन बमोजिम कसूर हुने कुनै कार्य गरेमा त्यस्तो संस्थाको मुख्य प्रशासकीय अधिकारीको हैसियतमा काम गर्ने अधिकारी सजायको भागी हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आफू मुख्य प्रशासकीय अधिकारी हुनुभन्दा अगावै भएका कसूरका सम्बन्धमा त्यस्तो व्यक्ति सजायको भागी हुनुपर्ने छैन ।

**६१. सूचना दिनेलाई पुरस्कारः**

(१) यस ऐन विपरितको कसूर गरेको छ वा गर्न लागेको छ भन्ने कुराको सूचना दिने व्यक्तिले दिएको सूचना बमोजिम अनुसन्धान गर्दा त्यस्तो कसूर भएको ठहरिएमा त्यसबाट जफत भएको विगो बराबरको तोकिए बमोजिमको रकम त्यस्तो व्यक्तिलाई पुरस्कार दिइनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा संगठित संस्थाका कर्मचारी वा तीनका परिवारका सदस्य वा अनुगमनमा खटिएका उपभोक्ता संघ संस्थाका प्रतिनिधि वा कर्मचारी वा तीनका परिवारका सदस्यले यस दफा बमोजिम पुरस्कार पाउने छैनन् ।

(३) यस दफा बमोजिम सूचना दिने व्यक्तिको नाम, ठेगाना र निजबाट प्राप्त

भएको सूचनाको विवरण गोप्य राखिनेछ ।

**६२. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः**

यस ऐन बमोजिम कसूर ठहरिने काम अन्य प्रचलित कानून अन्तर्गत पनि कसूर ठहरिने रहेछ भने अन्य प्रचलित कानून बमोजिम मुद्दा चलाउन यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

**६३. नेपाल सरकार वादी हुनेः**

यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ ।

**६४. मुद्दाको अनुसन्धान र दायरीः**

(१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको अनुसन्धान निरीक्षण अधिकृतले गर्नेछ र त्यस्तो अनुसन्धानको काम पूरा भएको पैंतिस दिनभित्र न्यायिक समिति समक्ष मुद्दा दायर गर्नु पर्नेछ ।

(२) निरीक्षण अधिकृतले उपदफा (१) बमोजिमको मुद्दा दायर गर्नु अघि कानून अधिकृतको राय लिनु पर्नेछ ।

**६५. संक्षिप्त कार्यविधि अपनाउनु पर्नेः**

(१) यस ऐन अन्तर्गत दायर भएको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि तीन वर्षभन्दा बढी कैद सजाय हुने मुद्दामा सामान्य कार्यविधि अपनाउनु पर्नेछ ।

**६६. असल नियतले गरेको कामको बचाउः**

अनुगमन समिति, निरीक्षण अधिकृत, क्षतिपूर्ति समिति वा नेपालसरकारको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्य पालन गर्दा असल नियतले गरेको काम कारवाही प्रति निज व्यक्तिगत रूपले जवाफदेही हुने छैन ।

**६७. यसै ऐन बमोजिम हुनेः**

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन र यस ऐन अर्न्तगत बनेको नियममा लेखिए जति कुरा यसै ऐन बमोजिम हुनेछ ।

**६८. नियम बनाउन सक्नेः**

यस ऐनको उद्देश्य पूर्तिको लागि नगरपालिकाले आवश्यक नियम बनाउने सक्नेछ ।